नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मार्तडी, बाजुरा

प्रशासन ०९७-५४११२५
Website : daobajura.moha.gov.np

प.सं. ०७९/०८०　　　　च.नं.　　　　मिति : २०७९/०९/२०

## विज्ञप्ती ।

बाजुरा जिल्लामा विभिन्न सडक खण्डहरुमा चल्ने सवारी साधनहरुले मनपरी भाडा असुल गरेको, टिकट नदिने गरेको र सरकारी संयन्त्रले चासो नदेखाएको भनी ब्यापक जनगुनासाहरु आईरहेको सन्दर्भमा यो विज्ञप्ती जारी गर्ने कार्य भएको छ । बाजुरा जिल्लाका सडकको गुणस्तर, ईन्धनको उपलब्धता र सवारी साधनको यात्रु क्षमतालाई मध्येनजर गरी मिति २०७९/०६/०६ गतेको जिल्ला यातायात व्यवस्थापन समितिको वैठकबाट कच्ची सडकमा प्रति किलोमिटर रु १८।- ग्राभेल सडकमा प्रति किलोमिटर रु १२।- र पक्की सडकमा प्रति किलोमिटर रु ८।- भाडादर कायम भएको जानकारी गराईन्छ । यो भाडादरका सम्बन्धमा अस्पष्टता भयो की भनी पुनः स्मरण गराउने एवं भाडादर कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७९/०९/१९ गते जिल्लामा क्रियाशील राजनीतिक दल र यातायात व्यवसायीहरु संग सरोकारवाला निकाय बसी छलफल समेत भई भाडादर कार्यान्वयन प्रतिवद्धता भएको हुँदा आजैका मिति देखि जिल्ला यातायात व्यवस्थापन समितिको मिति २०७९/०६/०६ गतेमा कायम भएको भाडादर अनुरुप हुन आउने देहाय अनुसारको गाडी भाडा कार्यान्वयन गर्न गराउन अनुरोध छ । भाडादर कार्यान्वयन गर्न गराउन सबैबाट सहयोगको अपेक्षा गरीएको छ । कोही कसैबाट निर्णयको प्रतिकूल कार्य भए गरेको पाईए नजिकको प्रहरी इकाई, जिल्ला प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा खबर गर्न अनुरोध छ । निर्णयको बर्खिलापका गतिविधि भए प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ ।साथै लामो दुरीमा चल्ने सवारी साधनको भाडादर यातायात व्यवस्था विभागले जारी गरेको भाडादर अनुरुप हुने समेत जानकारीका लागि अनुरोध छ ।

<u>देहाय</u>

| सि.नं. | देखि | सम्म | कि.मि. | भाडादर रकम रु प्रति कि.मि. | भाडा रकम रु | कै. |
|---|---|---|---|---|---|---|
| १ | मार्तडी | राप्क | ६ | ८ | ४८ | |
| २ | मार्तडी | तिपाडा | १४ | ८ | ११२ | |

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मार्तडी, बाजुरा

प्रशासन ०९७-५४११२५
Website : daobajura.moha.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | मार्तडी | बल्दे | २१ | ८ | १६८ | |
| ४ | मार्तडी | बाम्का | २८ | ८ | २२४ | |
| ५ | मार्तडी | बेतालमाण्डौ | ३३ | ८ | २६४ | |
| ६ | मार्तडी | डाब बजार | ४२ | ८ | ३३६ | |
| ७ | मार्तडी | चुथी | १० | १८ | १८० | |
| ८ | मार्तडी | ढम्कने | १६ | १८ | २८८ | |
| ९ | मार्तडी | पोरखे काँध | २१ | १८ | ३७८ | |
| १० | मार्तडी | पाण्डुसैन | ३५ | १८ | ६३० | |
| ११ | मार्तडी | कोल्टी | ४२ | १८ | ७५६ | |
| १२ | कोल्टी | पिलुचौर | ६ | १२ | ७२ | |
| १३ | कोल्टी | धुलाचौर | १७ | १२ | २०४ | |
| १४ | कोल्टी | कवाडी | १९ | १२ | २२८ | |
| १५ | कोल्टी | लैबु | २३ | १२ | २७६ | |
| १६ | मार्तडी | गौमुल | १४ | १८ | २५२ | |
| १७ | बल्दे | आटिचौर | ११ | १८ | १९८ | |
| १८ | बल्दे | छेडेदह ताल | १४ | १८ | २५२ | |
| १९ | बल्दे | डोगडी | २१ | १८ | ३७८ | |

पुनश्च :- कही कतै भाडादर तथा रुटहरुको विवरण छुट्न गएमा पक्की सडक प्रति कि.मि. रु ८।- ग्राभेल सडक प्रति कि.मि. रु १२।- कच्ची सडक प्रति कि.मि. रु १८ अनुसार हुने व्यहोरा समेत अनुरोध छ ।

पुष्कर खड्का
प्रमुख जिल्ला अधिकारी

“व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन”

“Covid 19 बाट आफु बचौं र अरुलाई पनि बचाऔं ”

Email : bajuradao99@gmail.com/daobajura@moha.gov.np